**काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका घर तथा जग्गाको सम्पत्ति कर तथा सञ्चालनमा रहेका व्यवसाय कर एवं घर वहाल कर तथा र मनोरञ्जन कर को स्थलगत रुपमा वडा कार्यालयद्धारा अनुगमन गर्ने सम्वन्धमा**

**"अनुगमन टोली परिचालन कार्यक्रम २०८०"**

## १. पृष्ठभुमी

स्थानीय तहको आन्तरिक राजस्वलाई आर्थिक प्रशासनको मेरुदण्डको रुपमा लिइन्छ । काठमाडौं महानगरपालिकामा संकलन हुने राजस्वबाट नै यस क्षेत्रको विकास संभ्भव हुने हुँदा करको दायरा विस्तार गरी अपेक्षित लक्ष्य हासिल गर्नु पर्ने आवश्यकता रहेको छ । समयको परिवर्तन संगै नयाँ नयाँ प्रकृतिका व्यापार व्यवसायहरु सञ्चालन हुने गरेकोले कमशः राजस्वको दायरा विस्तार गर्नु अपरिहार्य हुन आउँदछ । काठमाडौं महानगरपालिका नगरकार्यपालिकाको अनुगमन टोली गठन गरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ भन्ने नीतिगत रहेको । यसै सर्न्दभमा मिति २०७९ जेष्ठ र असार गरी दुइ महिना र मिति २०८० श्रावण देखी निरन्तर यस्तै प्रकारको वडाका जनप्रतिनिधि र कर्मचारीहरुद्धारा गरिएको अनुगमन कार्यले करदाताहरुमा सकारात्मक सन्देश पुग्न गई महानगरपालिकाको करदाताहरुको संख्या बृद्धि भइ राजस्व रकममा समेत बृद्धि भएको । यस किसिमको कार्यक्रमले विगत लामो समय देखी कर वक्यौता राख्ने करदाताहरुलाई स्वः उत्प्रेरित गरी आफुले बुझाउनुपर्ने कर दाखिला गर्न लगाउने उदेश्य अनुरुप काठमाडौं महानगरपालिका राजस्व विभागद्धारा तयार गरिएको यसै कार्यक्रम वमोजिम सम्वन्धीत वडा कार्यालयद्धारा अनुगमन गरी विभागमा प्रतिवेदन गर्नुपर्नेछ ।

## २. उदेश्य

काठमाडौं महानगरपालिकाले व्यवसायमैत्री वातावरण बनाउदै महानगरपालिकाको राजस्व संकलन प्रणालीलाई विद्युतिय माध्यमद्धारा सरल, मितव्ययी, र प्रभावकारी बनाउनको लागि सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर र मनोरञ्जन कर को दायरामा नआएका करदाताहरुलाई कर प्रणालीमा आवद्ध गरी राजस्व रकममा बृद्धि गराउन काठमाडौं महानगरपालिकामा दर्ता भई नविकरण नभएका वा दर्ता नै नभई कर नतिरेका दर्ता नभएका तथा कर नतिरेका सम्पत्ति, व्यपार व्यवसाय, घरवहाल र मनोरञ्जन करदाताहरुलाई काठमाडौं महानगरपालिकाको करको दायरामा ल्याई बढी भन्दा बढी कर संकलन गर्दे करदाताहरुको अभिलेख अद्यावधिक गर्नु यस कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।

## ३. कार्यक्रमको कार्यक्षेत्र

काठमाडौं महानगरपालिकाका वडा कार्यालयहरुबाट संकलन गर्दे आएको सम्पत्ति कर, घर वहाल कर, व्यवसायकर तथा मनोरञ्जन कर को तथ्याकंहरुलाई अभिलेखाङ्कन तथा अद्यावधिक गरी उक्त कर संकलन गर्ने कार्यमा सहजता, पारर्दशिता र प्रभावकारीता ल्याई महानगरपालिकाको करको दायरा संगै राजस्व रकममा बृद्धि गर्न काठमाडौं महानगरपालिकाको ३२ वटै वडामा अनुगमन गर्ने गरी यस कार्यक्रमको कार्यक्षेत्र रहेको छ ।

### ४. अनुगमन टोली गठन

राजस्व विभागको प्रत्यक्ष निर्देशनमा रहने गरी निम्नानुसारको अनुगमन टोली गठन गरिनेछ । यस अनुगमन टोलीले तोकिए वमोजिमको कार्य गर्नेछ । ३२ वटै वडामा अलग अलग अनुगमन टोली हुनेछ । साथै सो सम्वन्धमा राजस्व विभागमा कार्यरत कर्मचारीहरु समेत प्रत्येक अनुगमन टोलीमा एक एक जना सम्मिलित हुनेछन् । अनुगमन टोलीमा देहाय बमोजिमका जनप्रतिनिधि तथा कर्मचरीहरु रहने छन् ।

**प्रत्येक वडामा अनुगमन टोलीमा रहने कर्मचारीहरु**

| क्र. सं. | स्थलगत अनुगमन टोली | संख्या |
|---|---|---|
| १ | वडाका जनप्रतिनिधि,राजस्व विभागको प्रतिनिधि तथा वडा सचिव सहित वडाका अन्य कर्मचारीहरु | ठुला वडाको लागी ५ जना (साना तथा मझौला वडामा ३ जना) |
| २ | राजस्व विभागमा कार्यरत कर्माचारीहरु | राजस्व विभागका कार्यरत अन्य कर्मचारीहरुलाई वडाको अनुगमनको रुजु गर्न तोकिनेछ । |
| ३ | स्थलगत सुपरिवेक्षण तथा अनुगमन गरिने | प्रमुख प्रशासकीय अधिकृतज्यू सहित राजस्व विभागीय प्रमुख धुब कुमार काफ्ले, वरिष्ठ राजस्व अधिकृतहरु सोना सर्मा र प्रदीप कोइराला तथा सहायक निर्देशक सजना चालिसे सम्मिलित टोलीद्धारा स्थलगत सुपरिवेक्षण तथा अनुगमन गरिनेछ । |

### ५. अनुगमन टोलीको कार्य विवरण

सबै वडा कार्यालयको लागी अलग अलग गठन गरिएको अनुगमन टोलीको कार्य विवरण निम्नानुसारको हुनेछ।

- वडा कार्यालय/वडा सचिव सँग समन्वय गरी वडा अन्तर्गतका कर नतिर्ने व्यवसायीहरुलाई निजहरुको घर तथा व्यवसाय रहेको स्थलमा नै गई सम्पत्ति कर, व्यवसाय कर, वहाल कर र मनोरञ्जन कर बुझाउने व्यहोराको अनुसूचि-४ वमोजिमको पत्र बुझाउनु पर्नेछ ।
- पत्र बुझेका करदाताहरुलाई वडा कार्यालयमा कर तिर्न नियमित ताकेता गर्ने ।
- अनुगमन गरिएका करदाताहरुको विवरण अनुगमन गरेको १५(पन्ध्र) दिनभित्र राजस्व विभागमा विवरण बुझाउनुपर्नेछ ।
- यस अनुसार अनुगमन गरी पत्राचार भएका सम्पत्ति कर, घरवहाल कर, व्यवसाय कर र मनोरञ्जन कर को विवरण सहित कर तिर्न आएका र यस वापत संकलन भएको राजस्व रकमको विवरण अनुसूचि-१

को फाराम भरी अद्यावधिक गरी राजस्व विभागमा पेश गर्नुपर्नेछ र सोको राजस्व विभागले रुजु अनुगमन गरेपश्चात अनुसूचि-२ अनुसार सम्वन्धित वडा कार्यालयले अनुगमन तथा रुजु अनुगमन भत्ता वापतको रकम भुक्तानी गर्नुपर्नेछ ।

**६. रुजु अनुगमनकर्ताको काम, कर्तव्य र जिम्मेवारी**

अनुगमनकर्ताले सम्पत्ति, व्यवसाय, वहाल तथा मनोरञ्जन करदाताहरुको घर एवं व्यवसायीक स्थानमा नै गई स्थलगत रुपमा अनुगमन गरेको सम्वन्धमा अनुसूचि–१ वमोजिमको फाराम रुजु गरी आवश्यक सहजीकरण गर्नुपर्नेछ ।

**७. स्थलगत सुपरिवेक्षण तथा अनुगमनकर्ताको काम, कर्तव्य र जिम्मेवारी**

अनुगमनकर्ताले सम्पत्ति, व्यवसाय, वहाल र मनोरञ्जन करदाताहरुको घर एवं व्यवसायीक स्थानमा नै गई स्थलगत रुपमा अनुगमन गर्दे गर्दाको अवस्थाको तथा अनुगमन गरेको सम्वन्धमा रुजु सहित पेश गरेको अनुसूचि–१ वमोजिमको फारामको अनुसार भए नभएको सम्वन्धमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यक सहजीकरण गर्नुपर्नेछ ।

**८. रकम निकासा सम्वन्धमा**

सम्पत्ति, व्यवसाय तथा वहाल करको स्थलगत रुपमा अनुगमन तथा तथ्यांक संकलन गर्ने कार्यको लागि खटिने कर्मचारीहरुलाई राजस्व बिभागको चालु आव को वार्षिक वजेट तथा कार्यक्रम अर्न्तगत खर्च संकेत नं. २११३५ राजस्व लक्ष्यमा आधारित राजस्व संकलन प्रोत्साहन भत्ता शिर्षकबाट सम्वन्धीत वडा कार्यालयमा अनुसूचि-३ वमोजिम निकासा गरिनेछ । निकासा दिएको रकम नपुग भएमा वडा कार्यालयको माग वमोजिम राजस्व विभागको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गरी थप निकासा दिन सकिने ।

**९. रकम भुक्तानी सम्वन्धमा**

काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका सम्पत्ति कर, व्यवसाय कर तथा घर वहाल करको स्थलगत रुपमा वडा कार्यालयद्धारा अनुगमन गरी "अनुगमन टोली परिचालन गर्ने कार्यक्रम २०८०" को अनुसूची-२ मा व्यवस्था भएको दर वमोजिम हुन आउने रकममा नियमानुसारको कर कट्टी गरी सम्वन्धीत वडा कार्यालयबाट अनुगमन गर्ने, रुजु अनुगमन तथा सुपरिवेक्षण अनुगमन गर्ने व्यक्तिहरुलाई भुक्तानी गर्नुपर्नेछ ।

**१०. कार्यक्रमको अपेक्षित उपलब्धी**

- काठमाडौं महानगरपालिकाको वास्तविक करदाताहरुको पहिचान भई कराधार बृद्धि हुने ।
- समयानुकुल करका दररेट निर्धारण गर्नमा थप सहयोग पुग्ने ।
- का.म.पा.ले वार्षिक रुपमा प्राप्त गर्ने कर र बक्यौता रकमको वारेमा यर्थाथ विवरण तयार गर्न सहयोग प्राप्त हुने ।

- करदाता शिक्षा मार्फत कर सम्वन्धि जनचेतना बढाउँदै करदातालाई स्वंय जिम्मेवार वनाउन सकिने ।
- यस कार्यक्रम सम्पन्न भए पछि का.म.पा.को राजस्व संकलनमा उल्लेख्य रुपमा बृद्धि हुने अपेक्षा गरिएको छ ।

## ११. प्राप्त भएको प्रगतिको अवस्था

यस अघि मिति २०७९ जेष्ठ र असार गरी दुइ महिना र मिति २०८० श्रावण देखी यस्तै प्रकारको अनुगमन कार्य गर्दा करदाताहरुमा सकारात्मक सन्देश पुग्न गई महानगरपालिकाको करदाताहरुको संख्या बृद्धि भइ राजस्व रकममा समेत बृद्धि भएको छ। सोको विवरण यसै साथ संलग्न छ।

अनुगमन पश्चात बृद्धि भएका करदाताहरुको संख्याको विवरण

| क्र.सं. | करको किसिम | आ.व.२०८०/८१ मा जम्मा करदाता संख्या | अनुगमन पश्चात कर तिरेका करदाता संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | १३४४५९ | ५२४८६ | |
| २ | वहाल कर | १०६८०४ | ३५०५७ | |
| ३ | व्यवसाय कर | १०२३७७ | ३१९१६ | |
| ४ | मनोरञ्जन कर | २७ | १० | |
| जम्मा | | ३४३६६७ | ११९४६९ | |

अनुसूचि-१

काठमाडौं महानगरपालिका

......वडा कार्यालय

कर अनुगमन तथा सचेतना सूचना संकलन फाराम

मितिः

| क्र. सं. | करदाताको किसिम (सम्पत्ति, वहाल, व्यवसाय र मनोरञ्जन कर) | करदाताको विवरण | | | व्यवसायको नाम | कर चुक्ता गरेको मिति | नियमित कर दाखिला गरे/नगरेको (गरेको भए करदाता संकेत नं) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम थर | स्थान/वाटो को नाम | फोन नं. र ईमेल | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुगमनकर्ता

१)...........................................

२)........................................

३)....................................

रुजु अनुगमन गर्ने

पद(विभागको कर्मचारी):

मितिः

**(नोटः यस फाराम सम्वन्धित अनुगमनकर्ताले भरी राजस्व विभागबाट खटिने कर्मचारीबाट रुजु गरेपश्चात मात्र अनुगमन भत्ता पाउनेछन)**

अनुसुची-२

काठमाडौं महानगरपालिकाबाट जारी भएको अनुगमन तथा मुल्यांकन कार्यविधि २०७९ अनुसार महानगर क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पत्ति कर, व्यवसाय कर, घर वहाल कर र मनोरञ्जन कर को अनुगमन गरे वापतको दैनिक भत्ता दर:

| क्र.सं. | विवरण | अनुगमन भत्ता |
|---|---|---|
| १ | कार्यालय समयमा स्थलगत अनुगमन तथा रुजु अनुगमन र सुपरीवेक्षण गर्ने वडाका जनप्रतिनिधि तथा कर्मचारीहरु, राजस्व विभागका कर्मचारीहरुलाई र प्रमुख प्रशासकीय अधिकृतलाई प्रति कर्मचारी प्रति दिन | रु. ५००।- |
| २ | कार्यालय समय वाहेक सार्वजनिक बिदाका दिनमा स्थलगत अनुगमन तथा रुजु अनुगमन र सुपरीवेक्षण गर्ने वडाका जनप्रतिनिधि तथा कर्मचारीहरु, राजस्व विभागका कर्मचारीहरुलाई र प्रमुख प्रशासकीय अधिकृतलाई प्रति कर्मचारी प्रति दिन | रु. १०००।- |
| ३ | अन्य कार्यालय वा निकायका प्रतिनिधिका हकमा उपरोक्त १) र २) का अतिरिक्त परिवहन सुविधा वापत प्रति कर्मचारी प्रति दिन | रु. १०००।- |

अनुसुची-३

सम्पत्ति कर/व्यवसाय कर/वहाल कर सम्वन्धी अनुगमन गरे वापतको रकम भुक्तानी दिन वडा कार्यालयहरुमा निकासा दिने रकमको विवरण

| क्र.सं. | वडा नं. | रकम |
|---|---|---|
| १ | ठुला वडाहरु (१५ वटा)<br>१, ३, ४, ६, ७, ९, १०, ११, १३, १४, १५, १६, २६, ३१ र ३२ | रु.२००,०००।- |
| २ | मझौला वडाहरु (१० वटा)<br>२, ५, ८, १२, २२, २५, २७, २८, २९ र ३० | रु.१,५०,०००।- |
| ३ | साना वडाहरु (७ वटा)<br>१७, १८, १९, २०, २१, २३ र २४ | रु.१,००,०००।- |
| जम्मा ३२ वटा वडा कार्यालय | | ५२,००,०००।- |

अनुसुची-४

श्री ............................................... मिति:२०८०/ /

काठमाडौं ।

<u>विषयः कर बुझाउने सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिका अन्तर्गत यस वडाबाट खटिएका कर टोलीले अनुगमन गर्दा तपाईले महानगरपालिकालाई तिर्न बुझाउनुपर्ने (सम्पत्ती कर/बहाल कर/व्यवसाय कर/मनोरञ्जन कर) कर बुझाएको नपाइएको हुँदा आफुले बुझाउनुपर्ने कर यो पत्र प्राप्त भएको मितिले ७ दिन भित्र वडा कार्यालयमा गई बुझाउनुहुन अनुरोध गरिन्छ ।

.................................

वडा सचिव

मितिः २०८० / /

श्री ...............................................
काठमाडौं ।

<u>विषयः धन्यबाद ।</u>

प्रस्तुत विषयमा काठमाडौ महानगरपालिका अन्तर्गत यस वडाबाट खटिएका कर टोलीले मिति २०८०/ / मा अनुगमन गर्दा तहाँ व्यक्ति/संस्था/कम्पनीले आ.व २०८०।०८१ सम्म बुझाउनुपर्ने सम्पत्ती कर/ बहाल कर/व्यवसाय कर/मनोरञ्जन करसमयमै बुझाएको पाइएको हुँदा यहाँलाई हार्दिक स-धन्यबाद व्यक्त गर्दछौ । साथै आगामी आ.व हरुमा समेत आफुले तिर्न/बुझाउनुपर्ने कर, दस्तुर तथा सेवा शुल्क सम्वन्धित वडा कार्यालयमा समयमै बुझाउनुहुनेछ भन्ने विश्वास गर्दछौं ।

................................

वडा सचिव